नेपाल सरकार

# सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

## संघीय मामिला शाखा

सिंहदरबार, काठमाडौं

पत्र संख्याः सं.मा.शा. २०७२/०७३
चलानी नं. ६६ (४३)

फोन नं. ०१ ४२११८९५

मितिः- २०७३/०६/१२

**विषयः- गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारणको मापदण्ड सम्बन्धी नेपाल सरकारको थप निर्देशन पठाइएको।**

**श्री गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग,**
**बुद्धनगर, काठमाण्डौ।**

गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारणको मापदण्ड संबन्धमा नेपालको संविधानको धारा २९५ को उपधारा (३) मा रहेको व्यवस्था तहाँ आयोगलाई अवगतै छ। स्थानीय तहको पुनर्संरचना कार्यमा राजनीतिक दलहरुसमेतका प्रमुख सरोकावालाहरुबीचमा स्वीकार्यता अभिबृद्धि गरी यथासक्य छिटो स्थानीय तहको निर्वाचन सम्पन्न गर्ने कार्यको सुनिश्चितता गर्न आवश्यक परेकोले त्यस आयोगलाई नेपाल सरकारले मिति २०७२।१२।१ मा दिएको मापदण्डको बुँदा नम्वर ११ मा रहेको व्यवस्था समेतको आधारमा स्थानीय तहको पुनर्संरचनाको मापदण्ड सम्बन्धी देहायको थप निर्देशन दिने नेपाल सरकार (मन्त्रिपरिषद्‌को) मिति २०७३।०६।११ मा निर्णय भएकोले मन्त्रिपरिषद्‌को उक्त निर्णय बमोजिम गर्नु गराउनु हुन अनुरोध छ।

**देहाय:**

१. गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण गर्दा आयोगले साविकमा जिल्लामा कायम रहेका इलाकालाई मुख्य आधार लिने,

२. इलाकालाई मुख्य आधार मान्दाः–
   - क) एक भन्दा बढी इलाका समेटी वा कुनै एक इलाकाको पूरै वा आंशिक क्षेत्र समावेश गरी कुनै नगरपालिका गठन भइसकेको भए त्यस्तो नगरपालिकालाई कायम राखी आवश्यकता अनुसार सो नगरपालिकामा थप क्षेत्र समावेश गर्न सकिने,
   - ख) सुगमता, पहुँच, सेवा प्रवाहमा सहजताजस्ता विषयलाई विशेष ध्यान दिई पुनर्संरचना गर्ने,
   - ग) कुनै इलाका जनसंख्या, क्षेत्रफल र अन्य महत्वपूर्ण सूचकहरुको आधारमा सक्षम स्थानीय तह बन्न उपयुक्त नदेखिएको अवस्थामा एक भन्दा बढी इलाका वा इलाकाको क्षेत्र समाबेश गरी स्थानीय तहको पुनःसंरचना गर्न वाधा नपर्ने,
   - घ) मन्त्रिपरिषदले मिति २०७२ चैत्र १ गते आयोगलाई उपलब्ध गराएको मापदण्डको बुँदा नं. ९ लाई समेत ध्यान दिने ।संरक्षित वा स्वायत्त क्षेत्रको पहिचान गर्दा आयोगलाई यसअघि उपलब्ध गराइएको मापदण्डमा आधारित रही उपयुक्तताको आधारमा कुनै गाउँपालिका वा नगरपालिकाको सिंगो क्षेत्र वा कुनै वडा वा वडाहरुलाई समेत पहिचान गरी प्रस्ताव गर्न सक्ने,

३. भौगोलिक विकटताका कारण ठूलो क्षेत्रफल हुन गई सेवा सुविधा पुऱ्याउन कठीन हुने क्षेत्रको हकमा गाउँपालिका तथा नगरपालिकाको क्षेत्रफल कम कायम गर्न ध्यान दिने ।

**(गोपालप्रसाद अर्याल)**
उपसचिव